# शान्तिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## जुम्लेकुला, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८३/०८४
च.नं.

**कृषि फर्म,कृषक समूह,कृषि कम्पनी तथा सहकारी संस्था सूचिकृत हुने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः(२०८३/०४/११)

शान्तिनगर गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा नीति बमोजिम यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका वा कार्यक्षेत्र भएका कृषि तथा पशुपालनसँग सम्बन्धित कृषक समूह, निजी कृषि फर्म, कृषि कम्पनी, र कृषि/पशुपालन सम्बन्धी सहकारी संस्थाहरूको एकीकृत तथ्यांक तयार गरी पालिकाबाट सञ्चालन हुने अनुदान, प्राविधिक सहयोग तथा अन्य विकास कार्यक्रमहरूलाई व्यवस्थित र पारदर्शी बनाउनुपर्ने भएकाले विभिन्न सरकारी निकायमा दर्ता भई यस गाउँपालिका क्षेत्रभित्र कार्यरत कृषक समूह, फर्म, कम्पनी तथा सहकारीहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र देहायबमोजिमका कागजातहरू सहित संलग्न गरी यस गाउँपालिकाको **कृषि विकास शाखा / पशु सेवा शाखामा** आई सूचीकृत हुनुहुन सम्बन्धित सबैमा जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. दर्ता प्रमाणपत्रको प्रतिलिपि (सम्बन्धित निकायमा दर्ता भएको)

२. नवीकरण भएको प्रमाण/कागजातको प्रतिलिपि

३. संस्था/समूह/फार्म/कम्पनीको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

४. निर्णयको प्रतिलिपि (सूचीकरण हुने निर्णय गरिएको बैठकको निर्णय)

५. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन – (सहकारी, कम्पनी तथा फर्मको हकमा)

६. कार्यालयको आफ्नै ढाँचामा भरिएको सूचीकरण निवेदन

नोटः तोकिएको म्यादभित्र सूचीकृत नभएका समूह, फार्म, कम्पनी वा सहकारीहरूलाई गाउँपालिकाबाट सञ्चालन हुने आगामी कृषि तथा पशुपालन सम्बन्धी अनुदान तथा लक्षित कार्यक्रमहरूमा समावेश गराउन असमर्थ हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

पुनश्चः निवेदनको ढाँचा गाउँपालिकाको कृषि/पशु सेवा शाखा, वडा कार्यालय वा गाउँपालिकाको आधिकारिक वेवसाइटवाट प्राप्त गर्न सकिनेछ।

बोधार्थः श्री सूचना प्रविधि शाखा( सूचना Facebook र website मा राखि वडा कार्यालयलाई जानकारी दिनुहुन)।

धन बहादुर वली
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शान्तिनगर गाउँपालिका
जुम्लेकुला, दाङ।

विषयः सूचीकृत भई पाउँ भन्ने सम्बन्धमा।

महोदय,

उपरोक्त विषयमा यस गाउँपालिकाको मिति २०८३/०४/११ मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस (कृषक समूह/फार्म/कम्पनी/सहकारी) लाई शान्तिनगर गाउँपालिकामा सूचीकृत गराउनका लागि यो निवेदन पेश गरेको/गरेका छौं।

हाम्रो संस्था/फर्मको संक्षिप्त विवरण र आवश्यक संलग्न कागजातहरू देहाय बमोजिम रहेको छः

**कृषक समूह/फर्म/कम्पनी/सहकारीको विवरणः**

१.संस्थाको नामः :

२. दर्ता भएको निकाय र दर्ता नं.:

३. स्थायी लेखा नम्बर :

४. कार्यालय/फर्मको ठेगानाः

५. सञ्चालक / अध्यक्षको नामः

६. सम्पर्क फोन / मोबाइल नं.:

७. मुख्य कार्य/व्यवसायको क्षेत्रः

**संलग्न कागजातहरूः**

१. संस्था/फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. अद्यावधिक/नवीकरण भएको प्रमाणको प्रतिलिपि
३. स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि
४. सूचीकरण हुने सम्बन्धी संस्था/समूहको बैठकको निर्णय
५. अघिल्लो आ.व को लेखापरीक्षण प्रतिवेदन

निवेदक
दस्तखतः
नाम/थरः
पदः
संस्था/फार्मको छापः

Scanned with CamScanner